"श्री"

आज मिति २०८२ साल असार ०९ गते ठिक १:०० बजे यस तमानखोला गाउँपालिकाका अध्यक्ष श्री जोकलाल बुढाज्यूको अध्यक्षतामा सुरु भएको तमानखोला गाउँपालिकाको गाउँ सभा, २०७९ को सातौं अधिवेशनको पहिलो बैठक तपसिल बमोजिमका गाउँसभा सदस्यहरुको उपस्थितिमा देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

**उपस्थिति :**

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १. | जोकलाल बुढा | गाउँसभा अध्यक्ष | |
| २. | हिरा कुमारी छन्त्याल | गाउँसभा सदस्य | |
| ३. | थम बहादुर रोका | गाउँसभा सदस्य | |
| ४. | नारायण सुनार | गाउँसभा सदस्य | |
| ५. | झक बहादुर बुढा | गाउँसभा सदस्य | |
| ६. | छ प्रसाद श्रीपाली | गाउँसभा सदस्य | |
| ७. | हिरा बहादुर वि.क | गाउँसभा सदस्य | |
| ८. | चित्र बहादुर छन्त्याल | गाउँसभा सदस्य | |
| ९. | देवसरा वि.क. | गाउँसभा सदस्य | |
| १०. | मन कुमारी बुढाथोकी | गाउँसभा सदस्य | |
| ११. | भिम कुमारी छन्त्याल | गाउँसभा सदस्य | |
| १२. | मिना कुमारी कामी | गाउँसभा सदस्य | |
| १३. | हिक्मत जक्तपुरी | गाउँसभा सदस्य | |
| १४. | ढालेन्द्र छन्त्याल | गाउँसभा सदस्य | |
| १५. | केशरी मगर पुन | गाउँसभा सदस्य | |
| १६. | टेक लाल विश्वकर्मा | गाउँसभा सदस्य | |
| १७. | दाल माया घर्ती मगर | गाउँसभा सदस्य | |
| १८. | प्रेम कुमारी कामी | गाउँसभा सदस्य | |
| १९. | तम बहादुर वि.क. | गाउँसभा सदस्य | |
| २०. | पूर्ण बहादुर बोहोरा | गाउँसभा सदस्य | |
| २१. | मनमाया रसाइली | गाउँसभा सदस्य | |
| २२. | गोर्ख बहादुर घर्ति | गाउँसभा सदस्य | |
| २३. | अनिष श्रीपाली | गाउँसभा सदस्य | |
| २४. | नरमाया सिर्पाली | गाउँसभा सदस्य | |
| २५. | दल कुमारी श्रीपाली | गाउँसभा सदस्य | |
| २६. | यम बहादुर वि.क | गाउँसभा सदस्य | |
| २७. | देम्मरे हर्मेल | गाउँसभा सदस्य | |
| २८. | चेतना सिर्पाली | गाउँसभा सदस्य | |
| २९. | सोम बहादुर वि.क. | गाउँसभा सदस्य | |
| ३०. | मोती प्रसाद वि.क. | गाउँसभा सदस्य | |
| ३१. | थम कुमारी छन्त्याल | गाउँसभा सदस्य | |
| ३२. | टोप बहादुर छन्त्याल | गाउँसभा सदस्य | |
| ३३. | उदिम सिर्पाली | गाउँसभा सदस्य | |
| ३४. | अमित परियार | सचिव | |

**तमानखोला गाउँपालिकाको गाउँ सभा, २०७९ को सातौं अधिवेशनको पहिलो बैठकमा पेश भएका प्रस्तावहरु:**

**(मिति २०८२/०३/०९ गते)**

प्रस्ताव नं. १:

तमानखोला गाउँपालिकाको सिमाना कायम गर्ने प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं. २:

अनुगमन तथा सुपरीवेक्षण समितिको प्रगति प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ३:

न्यायीक समितिको प्रगति प्रतिवेदन सम्वन्धमा ।

प्रस्ताव नं. ४:

विधायन समितिको प्रगति प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ५:

सुशासन समितिको प्रगति प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ६:

सार्वजनिक लेखा समितिको प्रगति प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ७:

अनियमित भएको बेरुजु नियमित गर्ने सम्बन्धी प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं. ८:

गाउँ कार्यपालिका र कार्यालयले गरेका निर्णय तथा खर्च अनुमोदन गर्ने सम्बन्धी प्रस्ताव सम्बन्धमा।

प्रस्ताव नं. ९:

आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. १०:

शोक प्रस्ताव सम्बन्धमा ।



CamScanner

## तमानखोला गाउँपालिकाको गाउँ सभा, २०७९ को सातौं अधिवेशनको पहिलो बैठकका निर्णयहरुः
## (मिति २०८२/०३/०९ गते)

**निर्णय नं. १:**

तमानखोला गाउँपालिकाका अध्यक्ष श्री जोकलाल बुढाले प्रस्ताव गर्नु भएको तमानखोला गाउँपालिकाको सिमाना कायम गर्ने सम्बन्धी अनुसूची १ बमोजिमको प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।

**निर्णय नं. २:**

तमानखोला गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिका संयोजक श्री हिरा कुमारी छन्त्यालले पेश गर्नु भएको अनुसूची २ बमोजिमको तमानखोला गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदन २०८१/०८२ माथि गाउँ सभामा छलफल गरियो ।

**निर्णय नं. ३:**

तमानखोला गाउँपालिकाको न्यायीक समितिका संयोजक श्री हिरा कुमारी छन्त्यालले पेश गर्नु भएको अनुसूची ३ बमोजिमको तमानखोला गाउँपालिकाको न्यायीक समितिको प्रतिवेदन २०८१/०८२ माथि गाउँ सभामा छलफल गरियो ।

**निर्णय नं. ४:**

तमानखोला गाउँपालिकाको विधायन समितिका संयोजक श्री मोती प्रसाद वि.क.ले पेश गर्नु भएको अनुसूची ४ बमोजिमको तमानखोला गाउँपालिकाको विधायन समितिको प्रतिवेदन २०८१/०८२ माथि गाउँ सभामा छलफल गरियो ।

**निर्णय नं. ५:**

तमानखोला गाउँपालिकाको सुशासन समितिका संयोजक श्री मीना कुमारी कामीले पेश गर्नु भएको अनुसूची ५ बमोजिमको तमानखोला गाउँपालिकाको सुशासन समितिको प्रतिवेदन २०८१/०८२ माथि गाउँ सभामा छलफल गरियो ।

**निर्णय नं. ६:**

तमानखोला गाउँपालिकाको सार्वजनिक लेखा समितिका संयोजक श्री मन कुमारी बुढाथोकीले पेश गर्नु भएको तमानखोला गाउँपालिकाको गत आ.व. २०८०/०८१ को अन्तिम लेखापरीक्षण प्रतिवेदन सहितको अनुसूची ६ बमोजिमको तमानखोला गाउँपालिकाको सार्वजनिक लेखा समितिको प्रतिवेदन २०८१/०८२ माथि गाउँ सभामा छलफल गरियो ।

CamScanner

**निर्णय नं. ७:**

सार्वजनिक लेखा समितिका संयोजक श्री मन कुमारी बुढाथोकीले पेश गर्नु भएको तमानखो गाउँपालिकाको गत आ.व. २०८०/०८१ को अन्तिम लेखापरीक्षणबाट औंल्याएको अनियमित भए बेरुजु नियमित गर्ने सम्बन्धी अनुसूची ७ बमोजिमको प्रस्तावमाथि छलफल गर्दा उक्त अनियमि बेरुजुको कारण कुनै प्रकारको सरकारी हानी नोक्सानी नभएकोले उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृ भयो ।

**निर्णय नं. ८:**

तमानखोला गाउँपालिकाका अध्यक्ष श्री जोकलाल बुढाले पेश गर्नु भएको चालु आ.व. २०८१/०८ मा तमानखोला गाउँपालिकाको गाउँ कार्यपालिका र कार्यालयले गरेका निर्णय तथा कार्यालयले गरे खर्च अनुमोदन गर्ने सम्बन्धी अनुसूची ८ बमोजिमको प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।

**निर्णय नं. ९:**

तमानखोला गाउँपालिकाका अध्यक्ष श्री जोकलाल बुढाले पेश गर्नु भएको तमानखोला गाउँपालिका आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम अनुसूची ९ बमोजिम सर्वसम्मती स्वीकृत भयो ।

**निर्णय नं. १०:**

तमानखोला गाउँपालिकाका अध्यक्ष श्री जोकलाल बुढाले प्रस्ताव गर्नु भएको अनुसूची १० बमोजिम शोक प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।

CamScanner

अनुसूची १

(निर्णय नं. १ सँग सम्बन्धित)

**तमानखोला गाउँपालिकाको सिमाना कायम गर्ने सम्बन्धी प्रस्ताव, २०८२**

गाउँसभाका सदस्यहरु,

तमानखोला गाउँपालिका साविकमा बोङ्गादोभान गा.वि.स, तमान गा.वि.स र खुङ्खानी गा.वि.स. मिलाएर बनेको कुरा सबैमा सर्वविदितै छ । साविकका गा.वि.स.का वडा नटुक्रिने गरि बोङ्गादोभान गा.वि.स.को वडा नं. १, २, ३, ४ र ५ मिलाएर हालको वडा नं. ०१, बोङ्गादोभान गा.वि.स.को वडा नं. ६, ७, ८ र ९ मिलाएर हालको वडा नं. ०२, तमान गा.वि.स.को वडा नं. १, २, ३, ४, ५ र ६ मिलाएर हालको वडा नं. ०३, तमान गा.वि.स.को वडा नं. ७, ८ र ९ मिलाएर हालको वडा नं. ०४, खुंखानी गा.वि.स.को वडा नं. १, २, ३, ४, ५ र ६ मिलाएर हालको वडा नं. ०५, खुंखानी गा.वि.स.को वडा नं. ७, ८ र ९ मिलाएर हालको वडा नं. ०६ रहने गरी तमानखोला गाउँपालिकाको राजनीतिक तथा भौगोलिक संरचना निर्माण गरिएको थियो । साविक वडाको सिमानाका सम्बन्धमा कहिल्यै पनि कुनै प्रकारको विवाद नभएको तपाई हामी सबैलाई जानकारी छ ।तमानखोला गाउँपालिकाले आफ्नो सिमाना क्षेत्रमा विभिन्न प्रकारका पर्यटकीय लगायत अन्य पूर्वाधार निर्माण गरि गाउँपालिकाको चिनारी तथा पहिचना प्रवर्द्धन र आय आर्जनलाई समेत बढाउने उद्देश्यका साथ  लगानी गर्दै आइरहेको छ । तर नेपालमा सङ्घीयता अभ्यास भएको १० वर्ष पुग्न लाग्दा तमानखोला गाउँपालिकाको भौगर्भिक सिमानाका केही स्थानमा पछिल्लो समयमा विभिन्न वाहानामा छिमेकी जिल्ला तथा छिमेकी स्थानीय तहबाट सिमाना विवाद सिर्जना गरिएको छ । परापूर्व काल देखि बोङ्गादोभानबासी, तमानबासी र खुंखानीबासीले निर्वाध प्रयोग गरिरहेको जग्गा जमिनमा हाल छिमेकीले सिमाना दाबी गर्ने, सिमाना सार्ने तथा गेट निर्माण गर्ने जस्ता गतिविधि हाम्रो लागि सह्य छैन । तसर्थ यो विवादलाई तुरुन्त समाधान गर्ने गरी नेपाल सरकारले निर्धारण गरेको तमानखोला गाउँपालिकाको भौगर्भिक नक्सा तथा सिमाना देहाय बमोजिम रहने गरी कायम गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३ को उपदफा ३ बमोजिम गण्डकी प्रदेश सरकारमा पठाउन यो सिमाना कायम गर्ने सम्बन्धी प्रस्ताव सम्मानित सभा समक्ष पेश गर्दछु ।

तमानखोला गाउँपालिकाको कायम हुनु पर्ने भौगर्भिक सिमाना:

गुर्जाघाट खोला-राजागोठ-गुरागार खोला-कालिमाटी-टोड्के-लसुन वन-कालिद्वार-भराली धुरी-रातामाटे-मुठीनी-गाग्रीबुराउ-एकाछाने-सुनारे-डम्मर घाटी-नौथर घाटी-टोड्के खोला-पाङ्गाघारी-भालुदुला खोला-जैमने घाँटी-नयाँवन-सकसके-धुरी-गजापानी-होखोला-गुजाखोला-भालिवाङ-सेतारा-सराडी खोल्सा-सिनिका डाँडा-देउराली डाडाँ-चाल्ने धुरी-राङगुली धुरी-खावे नयाँवन-कोचप्रे-अमिलचौर-कमिरे-जोगीकुटी-छेलहाल्ने देउराली- हर्सेगुम धुरी-धुरीखोला देउराली-बथनधारा धुरी-तितेखानी धुरी-शोले डाँडा-डल्लाको धुरी-गाँरा खर्सुङ ताल-उपल्लो शोले देउराली-लाटा बस्ने देउराली-बार बार्नेको डाँडा-पुथालखोरे धुरी-दहको धुरी-सरवारी-सरनाली-मालिका धुरी-मसिना-जलजला-धान्चे खोला-तल्लो जलजला-पाति हाल्ने-गुर्जाघाट ।

(जोकलाल बुढा)

अध्यक्ष

CamScanner